# अपील

नेपालको संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरणका लागि हामीले यो राजनीतिक गठबन्धन निर्माण गरेका हौं। देशमा दिगो शान्ति, सुशासन, विकास, समृद्धि र सामाजिक न्याय प्राप्त गर्ने हाम्रो साझा लक्ष्य हो। देशको उन्नतिका लागि राजनीतिक स्थीरता पूर्वशर्त हो। लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरण, राजनीतिक स्थीरता, दिगो शान्ति, शुसासन र समृद्धिका लागि प्रतिवद्ध छौं र सदैव निष्ठापूर्वक क्रियाशील रहने प्रतीज्ञा गर्दछौं।

राष्ट्रियसभाको निर्वाचन सम्पन्न हुँदैछ। निर्वाचनका लागि गठबन्धनको तर्फबाट प्रस्तुत उम्मेदवार हामी सबैका साझा उम्मेदवार हुन्। राष्ट्रियसभा निर्वाचनको क्रममा हाम्रो गठबन्धनलाई कमजोर गर्ने विभिन्न गतिविधि हुन सक्दछन्। यो निर्वाचन गठबन्धनलाई अझ संगठित र बलियो बनाउँदै देशमा राजनितिक स्थायित्व थप सुनिश्चित गर्ने अवसर पनि हो। तसर्थ गठबन्धनका पक्षमा दृढतापूर्वक उभिन आवश्यक छ। हामी सम्पूर्ण मतदातालाई राष्ट्रियसभा निर्वाचनमा गठबन्धनका देहाय बमोजिमका साझा उम्मेदवारलाई मतदान गरी अत्यधिक मतले विजय गराउन हार्दिक अपील गर्दछौं।

**हाम्रा उम्मेदवारहरू:**

| क्र.सं. | उम्मेदवारको नाम | राजनीतिक दल |
|---|---|---|
| १ | कृष्ण प्रसाद सिटौला | नेपाली काँग्रेस |
| २ | चम्फादेवी कार्की | नेकपा (माओवादी केन्द्र) |
| ३ | आनन्द प्रसाद ढुँगाना | नेपाली काँग्रेस |
| ४ | पूजा चौधरी | जनता समाजवादी पार्टी नेपाल |
| ५ | विष्णुदेवी पुडाशैनी | नेपाली काँग्रेस |
| ६ | जीतजंग बस्नेत | नेपाली काँग्रेस |
| ७ | श्रीकृष्णप्रसाद अधिकारी | नेकपा (माओवादी केन्द्र) |
| ८ | घनश्याम रिजाल | नेकपा (एकीकृत समाजवादी) |
| ९ | मनरुपा शर्मा | नेकपा (माओवादी केन्द्र) |
| १० | किरणबाबु श्रेष्ठ | नेपाली काँग्रेस |
| ११ | पदम बहादुर परियार | नेपाली काँग्रेस |
| १२ | विष्णु कुमारी सापकोटा | नेपाली काँग्रेस |
| १३ | झक्कु प्रसाद सुवेदी | नेकपा (माओवादी केन्द्र) |
| १४ | कृष्ण बहादुर रोकाया | नेपाली काँग्रेस |
| १५ | सावित्री मल्ल | नेकपा (एकीकृत समाजवादी) |
| १६ | विष्णुबहादुर विश्वकर्मा | नेकपा (माओवादी केन्द्र) |
| १७ | रेणु चन्द | नेकपा (माओवादी केन्द्र) |
| १८ | बलदेव बोहरा | नेपाली काँग्रेस |
| १९ | नारायणदत्त भट्ट | नेपाली काँग्रेस |

मिति : २०८० पुस २९ गते

पुष्पकमल दाहाल 'प्रचण्ड'
प्रधानमन्त्री
तथा अध्यक्ष,
नेकपा (माओवादी केन्द्र)

शेरबहादुर देउवा
सभापति नेपाली
कांग्रेस

माधव कुमार नेपाल
अध्यक्ष, नेकपा
(एकीकृत
समाजवादी)

उपेन्द्र यादव
अध्यक्ष, जनता
समाजवादी पार्टी

रञ्जिता श्रेष्ठ चौधरी
अध्यक्ष, नागरिक
उन्मुक्ति पार्टी
नेपाल

महन्थ ठाकुर
अध्यक्ष,
लोकतान्त्रिक
समाजवादी पार्टी

चित्रबहादुर केसी
अध्यक्ष, राष्ट्रिय
जनमोर्चा